# व्यापार व्यवसाय शाखा मंगलसेन न.पा अछाम

## १) पृष्ठभूमिः

व्यापार व्यवसाय नगरको आर्थिक विकाशको प्रमुख आधार हो । यसले कुनैपनि पालिकाको अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यो व्यक्तीको रोजगारी संग पनि प्रत्यक्ष जोडिएको हुन्छ । मंगलसेन नगरपालिका क्षेत्र भित्र साना तथा ठुला व्यवसाय सञ्चालन गरिरहेका कम संख्यामा व्यवसाय नगरको व्यवसाय दर्ता कार्यविधिको परिधिमा रहेर दर्ता तथा नविकरण भइरहेका छन । यो नगरपालिकामा सिमित जनसंख्या रहेको कारण व्यापार तथा व्यवसाय त्यति प्रभावकारी नभएता पनि नेपालको संविधानमा उल्लेख भएबमोजिम उपभोक्ताको हकको सुनिश्चतता गर्न प्रत्यक उपभोक्तालाइ गुणस्तरीय बस्तु तथा सेवा प्राप्त गर्ने हक र गुणस्तरहीन बस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तीलाइ कानुन बमोजिम क्षतिपुर्ती पाउने हकको व्यवस्था गरे अनुरुप प्रत्याभुती गराउन सक्नुपर्दछ । दुर्गम तथा ग्रामिण क्षेत्र लगायत मुलुकभर नागरिकको दैनिक जिवनयापनमा अत्याआवश्यक बस्तु तथा सेवाको सहज र निर्वाध आपुर्ती सुनिश्चित गर्नु राज्यको दायीत्व हो । साथै कालोबजारी,एकाधिकार,प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको पुर्ण अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाइ प्रतिस्प्रधि बनाइ व्यापारीक स्वच्छता र अनुशासन कायम गरि उपभोक्ताको हकहित संरक्षण गर्ने राज्यको निति रहेको छ । यसका लागी उपभोक्ता संरक्षण ऐन लगायतका कानुनि व्यवस्था गरिएको छ ।

## २) बस्तुस्थितिः

मंगलसेन नगरपालिकामा दैनिक घरायसी उपभोगका सामाग्री,निर्माण कार्यका सामाग्री,औषधी,ईन्धन,लत्ताकपडा,भाँडाकुडा,श्रृंगार सामाग्री,ईलेक्ट्रोनिक्स आदि लगायतका सामानहरुको आयात जिल्ला बाहिर धनगढी,नेपालगञ्ज,भैरहवा,काठमाण्डौ तथा भारतको गौरिफण्टा,रुपडिया जस्ता ठाउबाट हुने भएकोले नगरपालिकाले यस्ता सामानहरुको यथोचित आपुर्ति र वितरणमा ध्यान दिन जरुरी छ । यस्ता अधिकांश सरसामानहरु निजी क्षेत्रबाट आपुर्ति हुने र स्थानियवासीहरुको दैनिक जिवन र स्वास्थ्यसंग समेत प्रत्यक्ष सरोकार राख्ने भएकोले उक्त सामनहरुको कालोबजारी,जथाभावि मुल्य निर्धारण,अनावस्यक भण्डार तथा गुणस्तर आदिमा नगरपालिकाबाट नियमित अनुगमन गर्नुपर्ने देखिन्छ ।

आ.व २०७४/७५ देखी चालु आ.व २०८०/०८१ को

फागुन मसान्त सम्म मंगलसेन नगरपालिका क्षेत्र भित्र दर्ता भएका व्यवसायहरु

| क्र.सं. | आ.व | दर्ता व्यवसाय संख्या |
|---|---|---|
| १ | २०७४/०७५ | १०१ |
| २ | २०७५/०७६ | ७० |

| | | |
|---|---|---|
| ३ | २०७६/०७७ | ४७ |
| ४ | २०७७/०७८ | १२२ |
| ५ | २०७८/०७९ | ५४ |
| ६ | २०७९/०८० | ४३ |
| ७ | २०८०/०८१ श्रावण देखी फागुन मसान्त सम्म | ४० |
| हालसम्म दर्ता जम्मा व्यवसायहरु | | ४७७ |

माथि उल्लेखित दर्ता संख्या मध्य हाल चालु आ.व २०८०/०८१ को फागुन मसान्त सम्म जम्मा १७० वटा व्यवसाय नविकरण भएका छन भने ५ वटा व्यवसाय नगरपालिकाको अभिलेखवाट हटाइएका छन ।

नगरपालिकाको ५ नं वडा स्थित मंगलसेनको मुख्य बजारमा जनप्रतिनिधी ज्यु सहित कर्मचारी सरहरूले संयुक्त रूपमा बजार अनुगमन गर्दा बजारमा रहेका व्यवसायको ५० प्रतिशत भन्दा कम संख्यामा व्यवसाय दर्ता गरि संचालनमा रहेको पाइयो ।